## आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### आठविसकोट, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

# आठविसकोट नगरपालिकाको विनियोजन ऐन, २०७६

नगरसभाबाट स्वीकृत मितिः २०७६/०३/२३

प्रमाणित मितिः २०७६/०३/३१

आठविसकोट नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६

**प्रस्तावनाः** आठविसकोट नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम आठविसकोट नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आठविसकोट नगरपालिकाको विनियोजन ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :-** (१) आर्थिक वर्ष २०७६।०७७ को लागि नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६८,२२,०३,०००।०० (अक्षरुपी अठ्सठ्ठी करोड बाईस लाख तीन हजार रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को लागि आठविसकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

४. जग्गा खरिद प्रक्रियालाई सरल र सहज बनाई नगरपालिका, वडा कार्यालय, विद्यालय एवम् अन्य सरकारी निकायहरुको लागि आवश्यक संरचना निर्माणको कार्यलाई तीब्रता दिन प्रचलित बजार मूल्य, जग्गाको न्यूनतम

गोरखबहादुर के.सी.
नगर प्रमुख

मूल्याङ्कन र नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको मूल्याङ्कन समेतलाई विश्लेषण गरी नगर कार्यपालिकाबाट लागत अनुमान स्वीकृत गरी सोही लागत अनुमानमा उल्लेखित दरभन्दा बढि नहुने गरी संघीय सार्वजनिक खरिद ऐन र आठबिसकोट नगरपालिका सार्वजनिक खरिद नियमावली बमोजिमको खरिद प्रक्रिया अवलम्बन गरी खरिद गर्न सकिनेछ ।

५. **विविध** : (१) आयोजना व्यवस्थापन खर्च (कन्टिन्जेन्सी) सम्बन्धमा देहाय बमोजिम गर्ने -:

(क) कूल कन्टिन्जेन्सी रकमको १० प्रतिशतले हुन आउने रकम विपद् व्यवस्थापनको लागि आकस्मिक कोषमा जम्मा गर्नु पर्नेछ र प्राकृतिक प्रकोप पीडित राहत सम्बन्धि कार्यविधि, २०७४ अनुसार उद्धार, राहत, पुनर्स्थापना र पुनःनिर्माणको लागि उक्त रकम खर्च गर्न सकिनेछ ।

(ख) कूल कन्टिन्जेन्सी रकमको ५ प्रतिशतले हुन आउने रकम आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७४ अनुसार आकस्मिक कोषमा जम्मा गरी खर्च गर्नु पर्नेछ ।

(ग) कूल कन्टिन्जेन्सी रकमको ६० प्रतिशत रकम पुँजीगत प्रकृतिका कार्यक्रम (आयोजना सञ्चालनको लागि आवश्यक उपकरण खरिद, भौतिक संरचना निर्माण लगायतमा) र २५ प्रतिशत रकम चालू प्रकृतिका कार्यक्रमहरु (फिल्ड भत्ता, उपभोक्ता समितिहरुको सशक्तिकरण, आयोजनामा खटिने कर्मचारीहरुको सेवा सुविधा, आयोजनासँग सम्बन्धित सामग्रीहरु खरिद लगायतमा) को लागि खर्च गर्नुपर्नेछ ।

(घ) खण्ड (क), (ख) र (ग) मा उल्लेख भए अनुसारको मापदण्डको अधिनमा रहि नगर कार्यपालिकाले कन्टिन्जेन्सी बापतको रकमको लागि योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) आयोजना कार्यान्वयनको लागि नगर कार्यपालिकाले कार्यान्वयन कार्ययोजना र समय तालिका बनाई लागू गर्नुपर्नेछ । आयोजना कार्यान्वयन कार्य योजनामा अनुगमन तथा मूल्यांकनको लागि समेत कार्य योजना बनाई लागू गर्नु पर्नेछ । कार्यान्वयन कार्ययोजना बनाउँदा कार्तिक मसान्तभित्र स्वीकृत कार्यक्रमहरु कार्यान्वयनको लागि सम्पूर्ण खरिद प्रक्रिया टुङ्गयाई कार्यान्वयनको लागि सम्झौता गरिसक्नुपर्नेछ । धेरै लागत अनुमान भएका र कार्य सम्पन्न गर्न बढि समय आवश्यक पर्ने ठूला आयोजनाहरु बाहेक अन्य आयोजनाहरु आर्थिक वर्षको वैशाख मसान्तभित्र सम्पन्न गरी भुक्तानी भईसक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) कर्मचारी एवम् पदाधिकारीहरुको एक दिनको आधारभूत तलव बराबरको रकम वार्षिक रुपमा नगरपालिकाको आकस्मिक कोषमा जम्मा गर्नु पर्नेछ । उक्त रकम प्रकोप पिडित, आर्थिक सहायता, जोखिममा परेका बालबालिकाहरुको उद्धार तथा पुनःस्थापना लगायतको आकस्मिक कार्यहरुमा खर्च गर्न सकिनेछ ।

(४) नगरपालिकाभित्र सञ्चालन हुने आयोजनाहरुको कन्टिन्जेन्सी बापतको रकम र जनसहभागिता बाहेकको रकम कटाएर हुन आउने रकमको १ प्रतिशत बराबरको रकम मर्मत संभार कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) आर्थिक वर्ष २०७५।०७६ को असार मसान्तसम्म निरन्तर रुपमा कार्य गरी कार्य सम्पादनस्तर राम्रो एवम् सन्तोषजनक भएका कर्मचारीहरुको करार अवधि साविककै सेवा शर्त र सुविधा कायम हुने गरी नगर

कार्यपालिकाले थप गर्न सक्नेछ । करार कर्मचारीको करार सेवा अवधि थप गर्दा निजले २०७६ असार मसान्तसम्म सम्पादन गरेको कार्य सम्पादन स्तर मापन गर्नुपर्नेछ । कार्यबोझ र कर्मचारीले पूरा गरेको जिम्मेवारीको स्तर हेरेर थप व्ययभार नहुने गरी नगर कार्यपालिकाले पारिश्रमिक तोक्न सक्नेछ । नगर कार्यपालिकाले कर्मचारीको कार्य सम्पादन स्तर, सेवाको प्रकृती र कार्यालयको कार्य बोझ समेतलाई विश्लेषन गरी एक प्रकृतीको पदमा करार सेवामा कार्यरत कर्मचारीलाई अर्को प्रकृतिको पद वा सेवा समुहमा काम गर्ने गरी जिम्मेवारी तोक्न वा सेवा समूह परिवर्तन गर्न सक्नेछ ।

(६) वडा समितिका पदाधिकारीहरुलाई बैठकको विषयवस्तु र त्यसको भारलाई विश्लेषण गरी महिनामा बढिमा एक वटा बैठकको लागि मात्र बैठक भत्ता उपलब्ध गराईनेछ । कार्यालय समयमा भएका नियमित प्रकृतिका बैठकहरुमा बैठक भत्ता उपलब्ध गराईने छैन् ।

(७) २० किलोमिटरभन्दा कम दूरीमा कार्यालयको काममा खटिने कर्मचारी तथा पदाधिकारीहरुलाई भ्रमण भत्ता उपलब्ध गराईने छैन् ।

तर कार्यालय समय बाहेक अतिरिक्त समयमा नगरपालिकाको कामकाज गर्ने गरी कुनै कर्मचारी वा पदाधिकारीहरुलाई खटाईएमा कामको प्रकृति र कार्य सम्पादन प्रतिवेदनको विश्लेषण गरी खाजा वापतको रकम उपलब्ध गराउन सकिनेछ ।

(८) फिल्डमा खटिने कर्मचारीहरु, नगरस्तरिय अनुगमन तथा मूल्याङ्कन समितिका पदाधिकारीहरुलाई मासिक तलवको ३५ प्रतिशतले हुन आउने रकम मासिक रुपमा फिल्ड प्रतिवेदनको आधारमा फिल्ड भत्ता वापत उपलब्ध गराउनु पर्नेछ ।

तर फिल्ड भत्ता पाउने त्यस्तो कर्मचारी महिनामा कम्तिमा १५ दिन फिल्ड गएको हुनुपर्नेछ ।

(९) अतिरिक्त समय काम गर्ने कर्मचारीहरुलाई आठविसकोट नगरपालिका कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७४ अनुसार चौमासिक रुपमा मासिक तलवमानको बढिमा ५० प्रतिशतसम्म प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

तर फिल्ड भत्ता प्राप्त गर्ने कर्मचारीलाई प्रोत्साहन भत्ता उपलब्ध हुने छैन् ।

(१०) नगरपालिकामा रहेका सरकारी सवारी साधनको प्रयोग व्यक्तिगत प्रयोजनमा गर्न पाईने छैन् । यदि कोही कसैले व्यक्तिगत प्रयोजनमा प्रयोग गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले पहिलो भए रु १०००।०० र पुन: प्रयोग गरेमा रु ५०००।०० जरिवाना गर्न सक्नेछ । सरकारी सम्पत्ति दुरुपयोग गर्ने वा गर्न खोज्ने व्यक्तिहरुलाई कानून बमोजिमको थप कारवाहीको लागि सम्बन्धित निकायमा लेखि पठाउन सकिनेछ ।

(११) सम्बन्धित वडा वा नजिकको वडामा स्थायी ठेगाना नभएका वडा नं. १, २, ३, ४, ५ र ६ मा करार सेवामा कार्यरत कर्मचारीलाईमात्र नगर कार्यपालिकाको निर्णयानुसार स्थानीय भत्ता उपलब्ध गराईनेछ ।

विगतदेखि निरन्तर रुपमा कम्तिमा पाँच वर्ष वा सोभन्दा बढि अवधि स्थानीय निकाय/तहमा काम गरेका एवम् स्थानीय भत्ता खाईरहेका कर्मचारीहरुलाई निजहरुको नियुक्ति र सेवा शर्तको आधारमा स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

तर स्थानीय भत्ता प्राप्त गरिरहेका करार कर्मचारीहरुको हकमा साविक बमोजिम नै हुनेछ ।

(१२) नगर कार्यपालिकाको निर्णयानुसार करारमा कर्मचारी भर्ना सम्बन्धि कार्यविधि, २०७४ अनुसार नगर प्रहरी लगायत स्वीकृत अन्तरिम दरवन्दी अनुसारको रिक्त पदहरुमा स्थायी कर्मचारी खटी आएमा वा अर्को कुनै व्यवस्था भएमा सोही बमोजिम हुने गरी तत्काल सेवा प्रवाहलाई निरन्तरता दिन संचित कोषमा थप व्ययभार नपर्ने करारमा कर्मचारी व्यवस्था गर्न सकिनेछ ।

(१३) नगरपालिकाभित्र आफ्नो कार्यक्रम कार्यान्वयन गर्न चाहने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले बजेट तथा कार्यक्रम नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ । साथै नगरपालिकासँगको समन्वय विना त्यस्ता कार्यक्रम कार्यान्वयन गर्न पाईने छैन् ।

(१४) बजेट कार्यान्वयनको क्रममा वार्षिक बजेट कार्यक्रममा समावेश नभएको कुनै अत्यावश्यक दायित्व सिर्जना भएमा नगर कार्यपालिकाले निर्णय गरी खर्च गर्न सक्नेछ ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगर कार्यपालिका | २५३८६५।०० | ४२८३३८।०० | | ६८२२०३।०० |
| जम्मा | | | २५३८६५।०० | ४२८३३८।०० | | ६८२२०३।०० |

**प्रमाणित गर्ने अधिकारीको:**

दस्तखत:
नाम,थर: गोर्खबहादुर के.सी.
पद: नगर प्रमुख
कार्यालय: आठविसकोट नगरपालिकाको कार्यालय,
रुकुम (पश्चिम)
मिति : २०७६/०३/३१ गते